घरपभ्कोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

# घरपभ्कोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको ५७औं बैठकको निर्णयहरु
मिति २०८२।१२।१७

**प्रस्ताव नं. १ :-**
अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
**निर्णय नं. १ :-**
गाउँ कार्यपालिकाको मिति २०८२।०९।२४ गते बसेको ५६औं बैठकमा १७ वटा निर्णयहरु भएकोमा बधशालाको मर्मतको भुक्तानी र Energy retrofitting मर्मतको भुक्तानी दिन बाँकि रहेको र अन्य सबै निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको व्यहोरा यस बैठकमा जानकारी भयो । साथै चालु आ.ब.का स्वीकृत भौतिक पूर्वाधार तर्फका ठुला योजनाहरुलाई तोकिएको समय भित्र गुणस्तर कायम गर्दै सम्पन्न गर्ने गरी कार्यान्वयन प्रक्रिया अघी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :-**
सीपमुलक तालिम सम्बन्धमा ।
**निर्णय नं. २ :-**
गाउँ कार्यपालिकाको ५५औं बैठकको निर्णय नं. १७ अनुसार अटो/इलेक्ट्रिक रिक्सा र डोजर चालकको तालिम सञ्चालन गर्नका लागि कार्यालयबाट पेश भएको तपसिलको दररेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । साथै गाउँपालिकाको सिफारिसमा तालिम लिएका प्रशिक्षार्थीले सवारी चालकको लाईसेन्सको छाँया वा तालिम लिएको प्रमाण-पत्र यस कार्यालयमा पेश गरे पश्चात प्रति प्रशिक्षार्थीको तपसिल बमोजिमको स्वीकृत दररेट अनुसार निजहरुको बैंक खातामा भुक्तानी दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | तालिमको विवरण | स्वीकृत दररेट प्रति प्रशिक्षार्थी | कैफियत |
|---|---|---|---|
| १ | अटो/इलेक्ट्रिक रिक्सा चालक | रु.२६,०००।- | |
| २ | डोजर चालक | रु.४८,५००।- | |

**प्रस्ताव नं. ३ :-**
बेरुजु प्रतिवेदन सम्बन्धमा ।
**निर्णय नं. ३ :-**
गाउँपालिकाको आ.व. २०८१।८२ को महालेखापरीक्षकको कार्यालयबाट प्रकाशन भएको अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर दफागत रुपमा छलफल गरिएको । बेरुजु प्रतिवेदनमा देखाईएका बेरुजुहरु फर्छ्यौट गर्ने तर्फ कार्य गर्न र आगामी दिनहरुमा बेरुजु नआउने गरी कार्यसम्पादनको व्यवस्थापन गर्नु हुन कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

घरपभोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ४ :-**

गाउँपालिकाको नेपाली र अंग्रेजी नाम तथा हिज्जेको सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिकाको नेपाली र अंग्रेजी नाम तथा हिज्जेको सम्बन्धमा तपसिल बमोजिम हुनु पर्नेमा विभिन्न portal र वेवसाईटहरमा फरक फरक भएको देखिएको हुँदा तपसिल बमोजिम एकरुपता कायम गरिदिनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

१) नेपाली नाम : घरपभोङ गाउँपालिका, मुस्ताङ

२) अंग्रेजी नाम : GHARAPJHONG RURAL MUNICIPALITY, MUSTANG

**प्रस्ताव नं. ५ :-**

शिक्षा शाखाको कार्यक्रम सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस घरपभोङ कार्यपालिकाको कार्यालय, शिक्षा शाखाबाट तपसिल बमोजिमका कार्यक्रम अनिवार्य रुपमा गर्नु पर्ने तर चालु आ.ब.को कार्यक्रममा बजेट विनियोजन नएकोले चालु आ.व. को बचत रकमबाट तपलि बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | कार्यक्रमको विवरण | बजेट विनियोजन | कैफियत |
|---|---|---|---|
| १ | ४ र ५ कक्षाको स्थानीय पाठ्यक्रमको पाण्डुलिपि लेखन तथा शुद्धाशुद्धि (प्रुफरिडिङ्ग) | रु.३,००,०००।- | |
| २ | शिक्षा योजना तयार गर्ने | रु.२,००,०००।- | |

**प्रस्ताव नं. ६ :-**

घरपभोङ गाउँसभा सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस घरपभोङ गाउँसभाको १७औं गाउँसभा तपसिलको कार्यसूची अनुसार तपसिल बमोजिम सञ्चालन गर्ने गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

मिति : २०८२।१२।२६ गते (ने.सं. ११४६ चौलागा ७, विहिवार)

समय : बिहान ८:०० बजे

स्थान : घरपभोङ गाउँपालिकाको सभाहल

**कार्यसूची :**

१) विभिन्न समितिहरुको चालु आ.व. को हाल सम्मको प्रगति प्रस्तुतिकरण

२) विनियोजन ऐन, २०८२ संशोधन

मोहन सिंह लालचन
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

घरपभ्फोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ७ :-**

च्याङग्रा र याक प्रबर्द्धन अनुदान लाभग्राही छनौट सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

चालु आ.व. को स्वीकृत च्याङग्रा र याक प्रबर्द्धन कार्यक्रम अन्तर्गत लाभग्राही छनौटको लागि मिति २०८२।०९।२४ गतेको गाउँ कार्यपालिका निर्णय नं.८ अनुसार प्रकाशित सूचना बमोजिम प्रस्तावना पेश गरेका लाभग्राहीको छनौटको प्रक्रिया प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपन्छी तथा विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को बुँदा नं. १२मा व्यवस्था भए बमोजिम कार्यान्वयन अगाढी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

नवप्रवर्तन साझेदारी परियोजनाको लागत साझेदारी सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस कार्यपालिकाको मिति २०८२।७।२५ गते बसेको ५४औं बैठकको निर्णय नं.५ अनुसार नप्रवर्तन साझेदारी परियोजनाको लागि गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरामा पेश गरेको प्रस्तावना स्वीकृत भएको हुँदा परियोजनाको कुल लागत रु.१,२०,००,०००।- को ३०% रकम रु. ३६,००,०००।- गाउँपालिकाबाट प्रतिबद्धता जनाएको साझेदारी रकम चालु आ.ब.को फोहर मैला व्यवस्थापन (चालु र पूँजिगत तर्फ) को बजेट शिर्षकबाट खर्च गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

भगिनी स्थानीय तह सहयोग साझेदारी सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

यस गाउँपालिका सँग भगिनी सम्बन्धमा कायम भएको पोखरा महानगरपालिकाले गाउँपालिकाको ४०% साझेदारीमा घरपभ्फोङलाई योजना/कार्यक्रम सञ्चालन गर्नका लागि रु.१५,००,०००।- अनुदान दिने कार्यक्रम रहेकोले गाउँपालिकाको साझेदारी रकम रु.१०,००,०००।- चालु आ.ब.को बचत हुने रकमबाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै यस गाउँपालिकाबाट पोखरा महानगरपालिकामा पेश प्रस्ताव बमोजिम कुल रकम रु.२५,००,०००।- बाट उपयुक्त स्थान छनौट गरी सूचना मूलक जानकारी दिने गरी LED Board स्थापना गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

गण्डकी प्रदेश, उद्योग तथा पर्यटन मन्त्रालयको घरदेश अनि परदेश कार्यक्रमको लागत साझेदारी सम्बन्धमा ।

**निर्णय नं. १० :-**

गण्डकी प्रदेश, उद्योग तथा पर्यटन मन्त्रालयको घरदेश अनि परदेश कार्यक्रम यस घरपभ्फोङ गाउँपालिका सँगको साझेदारीमा यस गाउँपालिकामा सञ्चालन गर्ने र गाउँपालिकाको लागत साझेदारीको लागि अनुरोध भएको हुँदा, चालु आ.ब. को विभिन्न शिर्षकमा बचत हुने रकमबाट रु.२,००,०००।- लागत साझेदारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

मोहन सिंह लालचन
अध्यक्ष

घरपखोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ११ :-**
मेकानिकल ईन्जिनियरिङ्ग सेवा लिने सम्बन्धमा ।
**निर्णय नं. ११ :-**
यस गाउँपालिकाको चालु आ.ब.को स्वीकृत कार्यक्रम अनुसार डोजर खरिद, फोहरमैला कार्यक्रम तर्फको ढुवानी गर्ने साना सवारी साधन (ईरिक्सा), फोहर प्याकिङ्ग गर्ने तथा व्यवस्थापन गर्ने उपकरणहरु लगायतका कार्यालयमा रहेका सवारी साधनहरुको मर्मत गर्ने कार्यको लागि आवश्यक पर्ने लागत अनुमान तयार गर्ने, स्पेसिफिकेसन तयार गर्ने, निरिक्षण गर्ने र मूल्याङ्कन प्रतिवेदनहरु पेश गर्ने, साथै अन्य किसिमका मेकानिकल ईन्जिनियरिङ सेवा तथा परामर्श उपलब्ध गराउन सकिने गरी श्री प्रेम सापकोटा (NEC reg. no. 2854 mechanical A Category) ले उल्लिखित परामर्श सेवा उपलब्ध गराउन ईच्छुक छु भनी निवेदन पेश गरेको हुँदा निज सँग २०८३ बैशाख १ गते देखि २०८३ असार मसान्त सम्मको लागि परामर्श तथा अन्य सेवा शुल्क शिर्षकबाट खर्च लेख्ने गरी एकमुष्ट रु.८०,०००।- (अस्सी हजार) पारिश्रमिक दिने गरी करार सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**
राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम सम्बन्धमा ।
**निर्णय नं. १२ :-**
आ.व. २०८२/८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन को बुदा नं. ७ र बुदा नं. १९ बमोजिम नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक नघट्ने गरी र स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेट नबढ्ने गरी निर्धारण गर्नुपर्ने हुँदा यस कार्यपालिकाले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गतका योजनामा खटिने अदक्ष कामदारलाई प्रतिदिन रु.८००/- को दरले ज्याला निर्धारण गर्ने निर्णय गरियो । साथै राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा सशर्त बजेट र गाउँपालिकाबाट बिनियोजन भएको बजेटको आधारमा सबै वडाहरुबाट प्राप्त निम्न उल्लेखित आयोजनाहरु स्वीकृत गरी प्राथमिकताका आधारमा सञ्चालन गर्ने र योजना तथा कार्यक्रमका लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरु छुट्टाछुट्टै खरिद गर्ने भन्दा एकमुष्ट रुपमा गाउँपालिकाबाट खरिद गरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निम्न :-**

वडा नं. १ क) झैला सिचाँई कुलो निर्माण योजना
ख) चिमांङ सिचाँई कुलो मर्मत योजना
वडा नं. २ क) खानेपानी टंकीमा तारबार संरक्षण निर्माण योजना
ख) मुहान संरक्षण, पाईप विच्छ्याउने, टंकी धारा निर्माण र सिचाँई कुलो मर्मत
ग) ग्याबीन वाल निर्माण
वडा नं. ३ क) स्याङ खोलामा तटबन्धन
ख) गल्छि नियन्त्रण (धचिमा)
ग) खानेपानी लाईन मर्मत
घ) सिंचाई कुलो मर्मत

मोहन सिंह लालचन
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

ङ) वद्यस्थल निर्माण योजना

वडा नं. ४ क) धो फु (ढुङ्गे ओडार) जाने बाटो क्रमागत निर्माण

ख) हुटी टोल अधुरो सिंचाइ निर्माण योजना

वडा नं. ५ क) खुल्ला व्यायामशाला स्थल निर्माण योजना

ख) खेतबारीमा मिनि ट्रिलर लैजाने बाटो निर्माण योजना

ग) ढुम्बा गाउँको बाटो मर्मत योजना

घ) ठिनी, पुरानो छपनी बिछ्याउने योजना

**प्रस्ताव नं. १३ :-**

२ नं. वडा कार्यालय र गाउँपालिकाको बिजुली तथा LED बोर्ड मर्मत सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

२ नं. वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयको विद्युत लाईनमा समस्या आएको र गाउँपालिका भवन अघी रहेको LED Board नचलेको हुदाँ तपसिल बमोजिम मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो । मर्मत कार्यको लागि आवश्यक पर्ने बजेट चालु आ.ब.को बचत रकमबाट खर्च गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क.सं. | मर्मत गर्नु पर्ने सम्बन्धी विवरण | प्राविधिक लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | २ नं. वडा कार्यालयको विद्युत लाईन मर्मत | रु.२६,९५७/- | मर्मत गर्नु पर्ने सामान खरिद गर्ने |
| २ | गाउँपालिका भवनको विद्युत लाईन मर्मत | रु.२१,१५०/- | " " |
| ३ | LED Board मर्मत | रु.९३,९४०/- | |

**प्रस्ताव नं. १४ :-**

वडा कार्यालयको शौचालय, हटरुम, स्वास्थ्य चौकीको ढल र बाटो मर्मत गर्ने सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

गाउँपालिका अन्तर्गत तपसिल बमोजिम वडाहरुको शौचालय, हट रुम, स्वास्थ्य चौकीको ढल र बाटो मर्मत गर्नु पर्ने भएको हुँदा चालु आ.व. को आवश्यकतामा आधारित अन्य पूर्वाधार निर्माण शिर्षकबाट खर्च गर्ने गरी मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क.सं. | मर्मत गर्नु पर्ने सम्बन्धी विवरण | स्थान | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | १ नं. वडा कार्यालयको शौचालय मर्मत र पानी चुहिने मर्मत गर्ने | १ नं. वडा कार्यालय | रु.१,७५,०००/- | |
| २ | ३ नं. वडा कार्यालयको शौचालय मर्मत | ३ नं. वडा कार्यालय | रु.१,००,०००/- | |
| ३ | ५ नं. वडा कार्यालयको शौचालय मर्मत | ५ नं. वडा कार्यालय | रु.१,००,०००/- | |
| ४ | मार्फा स्वास्थ्य चौकीको ढल अन्य मर्मत कार्य | मार्फा स्वास्थ्य चौकी | रु.१,४०,०००/- | |
| ५ | जोमसोम स्वास्थ्य चौकीको बाटो र अन्य मर्मत कार्य | जोमसोम स्वास्थ्य चौकी | रु.१,५०,०००/- | |

प्रमुख प्रशासकीय अधिकृत मोहन सिंह लालचन

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १५ :-**

फोहरमैला व्यवस्थापन गरेका स्थानीय तहमा अध्ययन आवलोकन भ्रमण सम्बन्धमा ।

**निर्णय नं. १५ :-**

यस गाउँपालिकामा पर्यटनहरुको चाप बढे सँगै फोहरमैलाको व्यवस्थापनको चुनौती बढ्दै गएको छ । स्थानीयस्तरमा आमा तथा महिला समूहहरु, टोल विकास समितिहरु, स्थानीय युवा क्लब लगायतका स्थानीय संघ संस्थाहरुले सरसफाईको कार्यक्रमहरु सञ्चालन गर्दै आएको भएता पनि व्यवस्थित रुपमा फोहरलाई पुनः प्रयोग तथा उचित व्यवस्थापन गर्नु पर्ने अवस्था समेत आई परेको हुँदा फोहरमैला व्यवस्थापनमा नमुना काम गरेका स्थानीय तहहरुको अध्ययन अवलोकन भ्रमण गर्नु पर्ने भएको हुँदा उचित समयमा भ्रमण कार्यक्रम आयोजना गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :-**

व्यवहारिक उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १६ :-**

यस गाउँपालिकामा रहेका विद्यालयहरुमा बिहानी प्रार्थना व्यवस्थापन, साङ्गीतिक PT एवम् विद्यार्थी, शिक्षक, अभिभावक तथा जनप्रतिनिधिका लागि प्रशिक्षक श्री हरिश वलीज्यूबाट व्यवहारिक उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने अनुमानित बजेट रु. ४,००,०००।- चालु आ.ब. को बचत रकमबाट व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १७ :-**

घरपझोङ परिचय तथा पर्यटन प्रवर्द्धन विषयक कविता गोष्ठी सञ्चालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १७ :-**

यस घरपझोङ गाउँपालिकालाई चिनाउने र पर्यटन विकास विषयक कविता गोष्ठी सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै कविता गोष्ठी सञ्चालनको लागि आवश्यक पर्ने अनुमानित बजेट रु.५,००,०००।- चालु आ.ब. को बचत रकमबात खर्च लेख्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १८ :-**

CCTV/क्यामेरा व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. १८ :-**

चालु आ.व. २०८२।८३ को बार्षिक स्वीकृत कार्यक्रम "गाउँपालिका भित्र सिसिटिभी जडान" गर्ने कार्यक्रम रहेका र यस गाउँपालिकामा धेरैजसो समयमा तिव्र हावा चली रहने हुनाले तार मार्फत जडान भएका सिसिटिभीको मर्मतको खर्च अत्याधिक भएकोले गाउँपालिकाका उपयुक्त स्थानहरुमा रहेका व्यक्तिगत घर, व्यवसायिका संरचनाहरु, सामुदायिक संरचना र कार्यालय भवनहरु मध्ये उपयुक्त स्थानहरुमा वाईफाई (WiFi) सिसिटिभी जडान गर्ने गरी बजेटको परिधि भित्र रहेर खरिद गर्ने । साथै आवश्कता अनुसार गाउँपालिका वा आधिकारिक कार्यालयलाई सूचना उपलब्ध गराउने गरी सिसिटिभी क्यामेरा जडान भएको संरचनाको स्वामित्व भएको व्यक्ति, कार्यालय वा संस्थाले सम्पूर्ण व्यवस्थापन गर्ने गरी सिसिटिभी क्यामेरा हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १९ :-**

गाउँसभामा पेश हुने योजना तथा कार्यक्रमहरु सम्बन्धमा ।

**निर्णय नं. १९ :-**

गाउँपालिकाको बैंक खातामा हाल सम्म बचत रहेको रकमको परिधि भित्र रहेर सञ्चालन गर्ने गरी तपसिल बमोजिमका अति आवश्यक योजना तथा कार्यक्रमहरु स्वीकृतिका लागि आगामी गाउँसभामा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | योजना तथा कार्यक्रमको विवरण | सञ्चालन हुने स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | सडक बत्ती जडान गर्ने योजना | गाउँपालिका क्षेत्र भित्रको मूख्य सडक | रु.५०,००,०००।- | |
| २ | जोमसोम खानेपानी एप्पल टंकी निर्माण | घरपझोङ गाउँपालिका-४, भोतोघाङ, जोमसोम | रु.६०,००,०००।- | |
| ३ | ठिनी छपनी ढुङ्गा बिछ्याउने | घरपझोङ गाउँपालिका-५, ठिनी गाउँ | रु.४०,००,०००।- | |
| ४ | मार्फा कभर्ड हल निर्माण सम्पन्न गर्ने | घरपझोङ गाउँपालिका-२, मार्फा | रु.८०,००,०००।- | |
| ५ | विभिन्न स्थानमा प्रतिक्षालय डोमहाउस राख्ने | गाउँपालिका भित्र विभिन्न स्थान | रु.२५,००,०००।- | |
| ६ | वडाहरुले योजना छनौट गरी पेश गर्ने (प्रति वडा रु.२०,००,०००।- को दरले) | ५ वटा वडाहरु | रु.१,००,००,०००।- | |
| ७ | काठेपुल देखि ठिनी जाने पुरानो बाटोमा ढुङ्गा छपनी बिच्याउने योजना | घरपझोङ गाउँपालिका-४, जोमसोम | रु.११,२९,८७२।३५ | |
| ८ | चिमाङ गोरेटो बाटो मर्मत (कार्यपालिकाको ५५औं बैठकको निर्णय नं.५ मा अपुग रकम थप) | घरपझोङ-१, चिमाङ | रु.१,६५,०००।- | |
| ९ | बाटोमा आर.सी.सी. गर्ने | घरपझोङ-३, स्याङ | रु.३,६५,३९८।६५ | |
| १० | शौचालय निर्माण गर्ने | घरपझोङ गाउँपालिका-३, स्याङ | रु.२,३९,२३०।६० | |
| ११ | भलपानी तथा ढल निकासा | घरपझोङ गाउँपालिका-३, पुथाङ | रु.१,५६,६३७।५६ | |

**प्रस्ताव नं. २० :-**

प्रदेश विशेष र समपूरक अनुदान अन्तर्गतको योजना सम्बन्धमा ।

**निर्णय नं. २० :-**

गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराको च.नं.१९० मिति २०८२।१२।४ गतेको पत्रबाट सूचना भए अनुसार आगामी आ.ब. २०८३।८४ को लागि प्रदेश विशेष र समपूरक अनुदान अन्तर्गत आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा छलफल हुँदा तपसिलका उल्लेखित योजना तथा कार्यक्रमहरु प्राथमिकताको आधारमा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**तपसिल :-**

१) प्रदेश विशेष अनुदान तर्फ

| प्राथमिकताक्रम | योजना तथा कार्यक्रमको विवरण | सञ्चालन हुने स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | मार्फा सवारी पार्किङ निर्माण | घरपझोङ-२, मार्फा | ४०,००,०००।- | |
| २ | चिमाङ सवारी पार्किङ निर्माण | घरपझोङ-१, चिमाङ | ४०,००,०००।- | |

१) प्रदेश समपूरक अनुदान तर्फ

| प्राथमिकताक्रम | योजना तथा कार्यक्रमको विवरण | सञ्चालन हुने स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक भवनको चोक देखि विद्यालय-गुम्बा हुदै रिङ्गरोड जोड्ने मोटरबाटो निर्माण | घरपझोङ-१, छैरो | १,२०,००,०००।- | |
| २ | स्याङ जनकल्याण आ.वि. भवन निर्माण | घरपझोङ-३, स्याङ | १,२०,००,०००।- | |

**प्रस्ताव नं. २१ :-**

पर्यटन सूचना केन्द्र र मेलमिलाप केन्द्र व्यवस्थापन तर्फको स्वीकृत बजेट सम्बन्धमा ।

**निर्णय नं. २१ :-**

चालु आ.व.को पर्यटन सूचना केन्द्र थप सामाग्री व्यवस्थापन र मेलमिलाप केन्द्र व्यवस्थापन केन्द्र अन्तर्गत विनियोजित बजेटबाट तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | योजना/कार्यक्रमको विवरण | बजेट | कैफियत |
|---|---|---|---|
| १ | पर्यटन सूचना केन्द्रमा LED Board राख्ने र अन्य व्यवस्थापन कार्य | रु.२,००,०००।- | |
| २ | मेलमिलाप केन्द्र र न्यायिक मेलमिलाप इजलासमा फर्निचर तथा अन्य व्यवस्थापन | रु.१,००,०००।- | |

**प्रस्ताव नं. २२ :-**

ठेक्का नं. GRM/NCB/W/01/082/083 Kaligandaki River Training Work in Marpha and Chhairo area Gharapjhong-01/02 सम्बन्धमा ।

**निर्णय नं. २२ :-**

Isan Nirman Sewa को पत्र मिति २०८२।१२।०८को प्राप्त पत्रानुसार ठेक्का नं. GRM/NCB/W/01/082/083 Kaligandaki River Training Work in Marpha and Chhairo area Gharapjhong-01/02 को सम्बन्धमा छलफल हुँदा पेश भए अनुसार स्वीकृत डिजाईन अनुसार bailey bridge नजिक लगायतका क्षेत्रको जमिन/भु-वनोट सिमसार र कमजोर रहेको हुँदा उक्त क्षेत्रहरुमा प्लमवाल निर्माण गर्न कठिन तथा जोखिम हुने र bailey dridge को संरचनालाई समेत असर पर्ने देखिएको हुँदा योजनाको कुल बजेट तथा quantity र quality मा फरक नपर्ने गरी प्राविधिकबाट ईस्टिमेट rivise गरी योजना कार्यान्वयन गर्ने स्वीकृती दिने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मोहन सिंह लालचन
अध्यक्ष

**प्रस्ताव नं. २३ :-**

**विभिन्न पत्रहरुका सम्बन्धमा ।**

**निर्णय नं. २३ :-**

तपसिल बमोजिमका विभिन्न संघसस्था तथा कार्यालयहरुबाट पेश भएका पत्रहरुको बारेमा जानकारी भयो । गाउँपालिकाको सहकार्यमा कार्यान्वयन गर्ने गरी पेश भएका कार्यक्रमहरुका सम्बन्धमा गाउँपालिकाको ऐन, नियम, कार्यविधि, निर्णय बमोजिम कार्यान्वयन गर्दै जाने र माग भएका योजनाहरुका सम्बन्धमा गाउँपालिकामा उपलब्ध हुने आर्थिक श्रोतको परिधि भित्र रहेर क्रमशः कार्यान्वयनमा जाने र ठुला तथा बहुबर्षिय योजनाहरुका सम्बन्धमा योजना बैंकमा व्यवस्थित गरी राख्ने र कार्यान्वयनका लागि विभिन्न निकायहरु र मन्त्रालयहरुमा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल (पत्रहरुको विवरण) :-

१) ३ नं. वडाको च.नं.४०७ मिति २०८२।१२।१६

२) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय च.नं.२९८ मिति २०८२।११।२७

३) कारागार कार्यालय, मुस्ताङ च.नं.१५९ मिति २०८२।१२।०३

४) सशस्त्र प्रहरी बल, नेपाल नं. ३३ गुल्म हे.क्वा. मुस्ताङ च.नं. ४६८ मिति २०८२।११।२६

५) पुथाङ एयरपोर्ट गाउँ समाज च.नं.०२ मिति २०८२।१२।१०

६) Apex-Amit JV मिति 23rd Feb. 2026

मोहन सिंह लालचन
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल